# डोल्पो बुद्ध गाउँपालिका

༄། དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྤྱི་ཁྲབ་ལྷན་ཁང་།

## Dolpo Buddha Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

कर्णाली प्रदेश, नेपाल

मिति २०८० कार्तिक १७ गते राती २३:४७ वजे जाजरकोट जिल्ला बारेकोट गाउँपालिका, वडा नं.१ रामीडाँडा आसपास केन्द्रविन्दु बनाएर गएको ६.४ रेक्टर स्केलको भूकम्पबाट मूख्यगरी जाजरकोट र रुकुम पश्चिम जिल्ला र आसपासका क्षेत्रहरुमा ठूलो मात्रामा जनधनको क्षति हुन गएकोमा डोल्पो बुद्ध गाउँपालिका परिवार स्तब्ध भएको छ ।

सो प्राकृतिक विपदमा परि सयौं व्यक्तिहरुको दु:खद निधन भएको छ, धेरै व्यक्तिहरु घाइते हुनु भएको छ भने थुप्रै भौतिक संरचनामा क्षति पुगेको छ । भूकम्पका कारण ज्यान गुमाउनु भएका सबै व्यक्तिहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना र घाईतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

घाईतेहरुको उपचार, पीडितहरुको उद्धार, राहत र पुर्नस्थापनामा हातेमालो गरेर अगाडी बढ्न जरुरी देखिन्छ, त्यसको लागि तीनै तहका सरकार, नागरिक समाज, विकास साझेदार, स्वंयसेवक संस्थाहरु, निजी क्षेत्र, सञ्चार जगत तथा सरोकारवाला सबैमा हार्दिक अपिल गर्दछौं । उक्त भूकम्पबाट चर्केका घरहरु भूकम्प पश्चात विभिन्न समयमा आउन सक्ने पराकम्पनहरुबाट भत्किन सक्ने हुँदा थप क्षति हुनसक्ने सम्भावना भएकोले सबैमा सचेत भई पूर्व सावधानी अपनाई पूर्व तयारी अवस्थामा रहनुहुन अनुरोध गर्दछौं ।

भूकम्प पीडितहरुको उद्धार, राहत, उपचार र पुनर्स्थापनाको लागि यस डोल्पो बुद्ध गाउँपालिकाले आफ्नो गाउँपालिका विपद, राहत तथा उद्धार कोषबाट रु ३,००,००० (अक्षेरुपी तीन लाख) आर्थिक सहयोग प्रदान गर्ने निर्णय समेत भएको जानकारी गराउँदछौं। प्राकृतिक विपद्को यस घडीमा हामी सबै एकजुट भएर सामना गर्नुपर्ने भएकोले सबैले आ-आफ्नो ठाउँबाट सहयोग गरि जिम्मेवार र असल नागरिकको भूमिका निर्वाह गर्नहुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

२०८० कार्तिक २० गते

कार्मा छोइवेल गुरुङ
अध्यक्ष